फोन नं ०६३४२४१०२

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन तथा वन वातावरण मन्त्रालय र
सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय
एकीकृत सेवा कार्यालय
स्याङ्जा

# वातावरण व्यवस्थापन दस्तुर बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

*प्रथम पटक प्रकाशित मिति:२०८३/०६/१५*

गण्डकी प्रदेश राजपत्रमा प्रकाशित आर्थिक ऐन २०८३ को दफा १० र अनुसुची-१२ मा व्यवस्था भए बमोजिम यस जिल्लाभित्र सञ्चालित तोकिएका उद्योगहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन महिनाभित्र अर्थात असोज मसान्तरभित्र ) अनिवार्य रुपमा वातावरण दस्तुर बुझाउनुपर्ने कानुनी प्रावधान रहेको छ , तसर्थ देहायवमोजिका उद्योगहरुले आफ्नो उद्योगको पुँजि लगानी (चुक्ता पुँजि वा व्यवसाय दर्ता उल्लेख गरेको पुँजि रकम) अनुसारको दस्तुर तपसिल बमोजिम यस एकीकृत सेवा कार्यालय, स्याङजा मार्फत प्रदेश सञ्चित कोषमा समयमै दाखिला गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ, साथै दस्तुर बुझाउनुपर्ने उद्योगहरु र पुँजि लगानीका आधारमा लाग्ने वार्षिक दस्तुर विवरण गण्डकी प्रदेश आर्थिक ऐन २०८३ को अनुसुची -१२ यसै सूचना साथ संलग्न रहेको छ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपसिल

१.बैंक: नेपाल बैंक लिमिटेड

२.कार्यालय कोड: ३०७८१४३०१४

३.राजस्व शिर्षक नम्बर: १४५२१(प्रदुषण नियन्त्रण शुल्क)

४.कार्यालयको नाम: एकिकृत सेवा कार्यालय स्याङ्जा

<u>विशेष द्रष्टव्य तथा जरिवाना सम्बन्धी व्यवस्था</u>

म्याद: आर्थिक वर्ष समाप्त भएको ३ महिना (असोज मसान्तर भित्र) यो दस्तुर बुझाईसक्नु पर्नेछ ।

जरिवाना: तोकिएको अवधिभित्र दस्तुर नबुजाएमा सो अवधि नाघेको पहिलो तीन महिना सम्म लाग्ने दस्तुरको १० प्रतिशत र सो अवधिमा पनि नबुझाएमा बार्षिक १५ प्रतिशतका दरले जरिवाना लाग्ने छ ।

सम्पर्क टेलिफोन नः ०६३४२४१०२

निराजन शर्मा
कार्यालय प्रमुख

कार्यालय प्रमुख

## अनुसूची-१२

(दफा १० को उपदफा (१), (२) र (३) सँग सम्बन्धित)

**वातावरण व्यवस्थापन दस्तुर**

| क.सं. | उद्योगको नाम | पुँजी लगानी | दस्तुर (रू.) |
|---|---|---|---|
| १. | - सिमेन्ट उद्योग<br>- मदिरा उद्योग (बियर समेत)<br>- चुरोट उद्योग<br>- प्लास्टिक तथा प्लास्टिकजन्य प्याकिङ्ग सामग्री उत्पादन गर्ने उद्योग<br>- ईट्टा उद्योग<br>-चाउचाउ, बिस्कुट, चक्लेट लगायतका प्लास्टिकमा प्याकिङ्ग गरिएका सामग्री उत्पादन गर्ने उद्योग<br>- प्लास्टिक तथा सिसा बोत्तल प्रयोग गरिएको पेय पदार्थ उत्पादन गर्ने उद्योग<br>- सुर्ती तथा सुर्तिजन्य पदार्थ (गुट्खा समेत) उत्पादन गर्ने उद्योग | रु.१ करोड सम्म | ५० हजार |
| | | रु.१ करोड भन्दा माथि ५ करोडसम्म | १ लाख |
| | | रु. ५ करोड भन्दा माथि १० करोडसम्म | २ लाख |
| | | रु.१० करोड भन्दा माथि १५ करोडसम्म | ४ लाख |
| | | १५ करोड भन्दा माथि २५ करोडसम्म | ८ लाख |
| | | २५ करोड भन्दा माथि ५० करोडसम्म | १५ लाख |
| | | ५० करोड भन्दा माथि | २५ लाख |

द्रष्टव्य: १. पुँजी लगानी भन्नाले उद्योगको चुक्ता पुँजी वा प्रोप्राइटर तथा साझेदारी फर्मले व्यवसाय दर्ता गर्दा उल्लेख गरेको पुँजी रकमलाई सम्झनु पर्दछ।

२. व्यवसाय दर्ता गरी व्यवसायिक कारोबार सुरु भएपछि मात्र वातावरण व्यवस्थापन शुल्क दाखिल गर्नु पर्दछ।